प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०८/१६


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.८५%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २३४७५६(१००%) | १२८७७९(१००%) |
| निको भएको | २१६५९४(९२.३%) | ११८०६४(९१.६७%) |
| उपचाररत | १६६३३(७.०८%) | ९९४३(७.७२%) |
| मृत्यु भएको | १५२९(०.६५%) | ७७२(०.५९%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/१६ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/१६ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०८/१६

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ९३ | ४९ | १४२ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | २९ | ३ | ३२ |

## ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | ११ | ८ पुरुष र ३ महिला |
| भक्तपुर | २ | २ महिला |
| ललितपुर | २ | १ पुरुष र १ महिला |
| धादिंग | १ | १ पुरुष |
| रामेछाप | १ | १ महिला |
| दोलखा | १ | १ पुरुष |
| जम्मा — १८ | | |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- काठमाडौंका ७३ वर्षिय पुरुष कोभिड र निमोनियाका कारणले अशोज १२ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज २२ गते निधन भएको छ । उहाँको अशोज १३ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्च रक्त चाप र चिनी रोगको समेत समस्या थियो।)

- भक्तपुरकी ६५ वर्षिय पुरुष कोभिड र निमोनियाका कारणले अशोज १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज १८ गते निधन भएको छ । उहाँको अशोज १५ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई दम रोगको समेत समस्या थियो।)

- काठमाडौंका ७४ वर्षिय पुरुष कोभिड, र निमोनियाका कारणले अशोज ९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज १६ गते निधन भएको छ । उहाँको भाद्र १२ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँलाई उच्च रक्त चाप र मुटु रोगको समेत समस्या थियो।)

- काठमाडौंकी ८९ बर्षिया महिला कोभिड र निमोनियाका कारणले अशोज १० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज १५ गते निधन भएको छ । उहाँको अशोज १२ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँलाई उच्च रक्त चाप र दम रोगको समेत समस्या थियो।)

- काठमाडौंकी ८४ बर्षिया महिला कोभिड र निमोनियाका कारणले अशोज ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज १४ गते निधन भएको छ । उहाँको अशोज ९ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँलाई चिनी रोगको समेत समस्या थियो।)

- काठमाडौंका ७४ बर्षिया पुरुष कोभिड, निमोनिया र स्वासप्रस्वासमा समस्याका कारणले अशोज २ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज ११ गते निधन भएको छ । उहाँको भाद्र ३० गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई मृगौला रोगको समेत समस्या थियो।)

- काठमाडौंकी ९३ बर्षिया महिला कोभिड र निमोनियाका कारणले कार्तिक २० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ७ गते निधन भएको छ । उहाँको मंशिर २ गते कोभिड -१९ पुष्टि भएको थियो।(उहाँलाई उच्च रक्त चाप रोगको समेत समस्या थियो।)

- काठमाडौंका ५६ बर्षिया पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले अशोज २९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज ३० गते निधन भएको छ । उहाँको अशोज २० गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई निमोनिया सम्बन्धी रोगको समेत समस्या थियो।)

- रामेछापकी ५८ बर्षिया महिला कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १३ गते निधन भएको छ । उहाँको कार्तिक ११ गते कोभिड-१९ पुष्टि भएको थियो।

- काठमाडौंका ७१ वर्षिय पुरुष कोभिड र निमोनियाका कारणले कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ ।उहाँको कार्तिक ४ गते कोभिड-१९ पुष्टि भएको थियो।

- ललितपुरका ७० वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १२ गते निधन भएको छ । उहाँको मंशिर ११ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई दम , छाला र नसा सम्बन्धि रोगको समेत समस्या थियो।)

- ललितपुरकी ६५ बर्षिया महिला कोभिड निमोनियाका र स्वासप्रस्वासमा समस्याकाकारणले मंशिर १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ ।उहाँको मंशिर १५ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँलाई उच्च रक्त चाप , चिनी रोगको समेत समस्या थियो।)

- धादिंगका ७६ वर्षिय पुरुष कोभिड , निमुनिया र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको कार्तिक २९ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई मृगौला रोगको समेत समस्या थियो।)

- दोलखाका ९१ बर्षिय पुरुष कोभिड, र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको मंशिर ८ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई दम रोगको समेत समस्या थियो।)

- काठमाडौंका ६७ बर्षिय पुरुष कोभिड, र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १५ गते निधन भएको छ । उहाँको मंशिर १५ गते कोभिड-१९ पुष्टि भएको थियो।

- काठमाडौंकी ५८ बर्षिया महिला कोभिड, र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १५ गते निधन भएको छ । उहाँको मंशिर ६ गते कोभिड-१९ पुष्टि भएको थियो।

- भक्तपुरकी ७४ बर्षिया महिला कोभिड, र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १५ गते निधन भएको छ । उहाँको मंशिर ८ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई दम रोगको समेत समस्या थियो।)

- काठमाडौंका ८० बर्षिय पुरुष कोभिड, र निमुनिया का कारणले मंशिर ९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १६ गते निधन भएको छ । उहाँको मंशिर ८ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई चिनी ,मृगौला र उच्चरक्त चाप रोगको समेत समस्या थियो।)

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २३९ जना बसिरहनुभएको छ भने ७०३ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७४९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३०७३ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ६८५८ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा २५२२६२ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १४०८५८ | ८८२९७ | ४०९ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ११२३४ | १३४०८ | ८५ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | ११५२५ | ७९७१ | ३६ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | १५७९ | १४० | | |
| नुवाकोट | ५४९ | ० | ० | ४५ | ९ | ७७०१ | १२०६ | १ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ६ | ५९६८ | १५०५ | ८ | |
| चितवन | २४६५ | ० | ० | ३५५ | ५००* | ३३६१६ | ६६७५ | २२ | |
| सिन्धुली | ३१३ | ० | ० | ५२ | ० | ४०३६ | ५०१ | २ | |
| मकवानपुर | २० | ० | ० | २९० | ५ | १७२६१ | ४०४५ | २९ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | ३२ | १४७९ | ४७८ | ४ | |
| दोलखा | १९३ | ० | ० | ४४ | ३७ | ३०६८ | ६१८ | २ | |
| काभ्रेपलान्चोक | ५९७ | २४ | २३ | २४३ | ४८ | ७५१३ | ३०६१ | ४० | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ४ | ६४२४ | ८७४ | ११ | |
| जम्मा | ७४७७ | २३९ | ७०३ | ४७४९ | ३०७३ | २५२२६२ | १२८७७९ | ६४९ | |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख,*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३१०१ | ६८ | ६८ | मकवानपुर- १५ | ५३ | |
| VBDRTC, काभ्रेपलान्चोक, — धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १५४६८ | ११८ | ६२ | भक्तपुर- २<br>धादिंग - १०<br>काभ्रेपलान्चोक - ४<br>सिन्धुपाल्चोक - २ | ४४ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई